



स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:१०००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

बेसीशहर नगरपालिकाको वस्तुगत विवरण-२०७७

बेसीशहर नगरपालिकाको वस्तुगत विवरण-२०७७

(Municipal Profile-2077)




बेसीशहर नगरपालिका, लमजुङ

गण्डकी प्रदेश, नेपाल

बेसीशहर नगरपालिकाको वस्तुगत विवरण - २०७७

(Municipal Profile-2077)



बेसीशहर नगरपालिका, लमजुङ

गण्डकी प्रदेश, नेपाल

२०७७, पौष

पुस्तक :
बेसीशहर नगरपालिकाको वस्तुगत विवरण-२०७७ (Municipal Profile-2077)

संरक्षक :
नगरप्रमुख श्री गुमानसिंह अर्याल

सल्लाहकार :
उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारी
प्रमुख प्रशासकीय अधिकृत श्री पुष्पराज पौडेल

संयोजन :
मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत

प्रकाशक :
बेसीशहर नगरपालिका लमजुङ
फोन नं. ०६६५२०१५०/५२०२०४
इमेल : besishaharmunicipality@gmail.com
वेभ साइट : besishaharmun.gov.np

मुद्रण :
पब्लिक छापाखाना, बेसीशहर-८, लमजुङ

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np
फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०



नगरपालिकाको वस्तुगत विवरण (Municipal Profile) प्रकाशनको सम्बन्धमा ।

नगरपालिकाको बस्तुगत विवरण (प्रोफाइल) सो नगरपालिकाको ऐना हो । यसले नगरपालिकाको यथार्थ तस्वीर देखाउनुको अलवा आगामी दिनमा ठोस कार्यक्रमका साथ योजना तर्जुमा गर्न समेत उतिकै सहयोग पुऱ्याउने विषयमा सन्देह नै छैन । हामी निर्वाचित भएर आउने वित्तिकै नगरपालिकाको बस्तुगत विवरण बनाउनेतर्फ ध्यान नदिएको भने होइन । संघीय मामिला मन्त्रालय र जिआइजेडले बेसीशहर नगरपालिकाको प्रोफाइल बनाइदिने भन्ने भए पछि हामीले सोही अपेक्षामा डेढ वर्ष वितायौं तर कार्य सम्पन्न हुन भने सकेन । पछि बेसीशहर नगरपालिकाको आफ्नै लगानी र अग्रसरतामा २०७६ बैशाखमा तथ्यांक संकलन कार्य सम्पन्न गरियो र सो को प्रतिवेदन २०७६ कार्तिक महिनामा प्राप्त भएपछि सो को उपयोग गर्दै अघि बढिएको अवस्था हो । बस्तुगत विवरणको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको ढाँचामा विवरण तयार गर्दा अन्य केही विवरणहरु समेत समेटी २०७७ असार महिना भित्र प्रोफाइल प्रकाशन गर्ने लक्ष्य समेत कोभिडका कारण पुरा हुन सकेन । चालु आवको पहिलो चौमासिकमा अन्य तथ्यांक संकलनका कार्यहरु सम्पन्न गरेर हाल बस्तुगत विवरण पुस्तकको रुपमा प्रकाशन गर्न लागिएकोमा खुशी व्यक्त गर्दछु ।

यस पुस्तकमा भरसक सबै विषय र क्षेत्रका विवरणहरु राख्ने प्रयास गरिएको छ । घरधुरी सर्वेक्षणबाट प्राप्त नतिजा, वडा समितिहरुबाट प्राप्त विवरण, नगरपालिकाको शाखाहरुबाट प्राप्त विवरण तथा खानेपानीको सन्दर्भमा ग्रामीण खानेपानी तथा सरसफाई सुधार आयोजनाबाट लिइएको तथ्यांकलाई राखिएको छ । यसै आधारमा नगरपालिकाको आवधिक योजना तर्जुमा कार्य चालु आवमा सम्पन्न गरिनेछ । बस्तुगत विवरणमा समेटिनु पर्ने कतिपय विषयहरु यस पुस्तकमा छुट भएमा पुन संकलन गरी तथा त्रुटी भएका विषयमा पनि सच्याउँदै अद्यावधिक गर्न सकिनेछ जुन निरन्तर चलिरहने प्रक्रिया पनि हो । अन्तमा यस बस्तुगत विवरणको तथ्यांक संकलन तथा प्रशोधन र प्रकाशन कार्यमा योगदान पुऱ्याउनुहुने जनप्रतिनिधि, कर्मचारी, विज्ञ तथा गणकहरु सबैमा धन्यवाद व्यक्त गर्दछु ।

२०७७ पौष

गुमानसिंह अर्याल
नगर प्रमुख

विषय सूची

विवरण	पेज नं.
परिचय/सार संक्षेप	१
१. जनसंख्या	६
१.१ जनसंख्या सम्बन्धी आधारभूत विवरण	६
१.२ वडाका आधारमा जनसंख्या विवरण	६
१.३ उमेरको आधारमा जनसंख्या विवरण	७
१.३.१ वडाका आधारमा उमेरगत जनसंख्या विवरण	७
१.४ लिङ्गका आधारमा जनसंख्या विवरण	८
१.५ वडाका आधारमा लैंगिक विवरण	८
१.६ जातजातिका आधारमा जनसंख्या विवरण	९
१.७ वडाका आधारमा जातजातिको विवरण	१०
१.८ धर्मका आधारमा जनसंख्या विवरण	११
१.९ वडाका आधारमा धर्मको विवरण	११
१.१० मातृभाषाका आधारमा जनसंख्या विवरण	१२
१.१०. १ वडाका आधारमा मातृभाषाको विवरण	१३
१.११ शैक्षिक स्तरका आधारमा जनसंख्या विवरण	१४
१.११.१ वडाका आधारमा शैक्षिक स्तरको विवरण	१४
१.११. २ शैक्षिक स्तरका आधारमा लैंगिक विवरण	१५
१.१२ बसोबासको अवस्थाका आधारमा जनसंख्या विवरण	१६
१.१२.१ वडाका आधारमा बसोबासको अवस्थाका बारेमा विवरण	१७
१.१३ पेशाको अवस्थाका आधारमा जनसंख्या विवरण	१८
१.१४ लिंगका आधारमा पेसाको विवरण	१८
१.१४.१ वडाका आधारमा पेशाको विवरण	१९
१.१५ वैवाहिक स्थितिका अवस्थाका आधारमा जनसंख्या विवरण	२०
१.१५.१ लिंगका आधारमा वैवाहिक स्थितिको विवरण	२१
१.१५.२ वडाका आधारमा वैवाहिक स्थितिको विवरण	२१
१.१६ अपाङ्गताको स्थितिका आधारमा जनसंख्या विवरण	२२
१.१६. १ वडाका आधारमा अपाङ्गताको स्थिति विवरण	२३
१.१७ स्वास्थ्य अवस्थाका आधारमा जनसंख्या विवरण	२४
१.१७. १ वडाका आधारमा स्वास्थ्य अवस्थाको विवरण	२४
२. मृत्यु	२६
२.१ घरपरिवारमा १ वर्षभित्र भएको मृत्यु सम्बन्धी आधारभूत विवरण	२६
२.१.१ मृत्यु भएको लिंगका आधारमा जनसंख्या विवरण	२६
२.१.२ मृत्यु भएको उमेरका आधारमा जनसंख्या विवरण	२६
२.२ मृत्युको कारणका आधारमा जनसंख्या विवरण	२६
२३. मृत्यु भएको लिङ्गका आधारमा मृत्युको कारणका जनसंख्या विवरण	२७

३. घरपरिवार २८
३.१ घरपरिवार सम्बन्धी आधारभूत विवरण २८
३.१.१ वडाका आधारमा परिवार संख्या विवरण २८
३.१.२ लिंगका आधारमा परिवारमूलीको विवरण २८
३.१.३ वडाका आधारमा परिवारमूलीको (लिङ्ग) विवरण २८
३.२ परिवारका आधारमा घरको संख्या सम्बन्धी विवरण २९
३.३ नगरपालिकाभित्र भएको घरको आधारमा नगरपालिका बाहिर भएको घरको विवरण ३०
३.४ वडाका आधारमा कतै पनि घर नभएको परिवारको विवरण ३०
३.५ वडाका आधारमा परिवारको घर संख्याको विवरण ३१
३.६ वडाका आधारमा परिवारको घर संख्याको विवरण ३१
३.७ घरको स्वामित्वको आधारमा परिवारको विवरण ३२
३.८ वडाका आधारमा परिवारको घरको स्वामित्वको प्रकार ३३
३.९ परिवारले प्रयोग गरेको घरको कोठाको संख्याको विवरण ३४
३.१० वडाका आधारमा परिवारले प्रयोग गरेको कोठा ३४
३.११ परिवार बसोबास गर्ने घरको छानाका प्रकार ३५
३.११.१ वडाका आधारमा परिवार बसोबास गर्ने घरको छानाका प्रकार ३६
३.१२ परिवार बसोबास गर्ने घरको जगको प्रकार ३६
३.१२.१ वडाका आधारमा परिवार बसोबास गर्ने घरको जगको प्रकार ३७
३.१३ परिवार बसोबास गर्ने घरको पर्खालको (बाहिरी गारो) प्रकार ३८
३.१३.१ वडाका आधारमा परिवार बसोबास गर्ने घरको पर्खालको प्रकार (बाहिरी गारो) ३८
४. जोखिम ४०
४.१ घरपरिवारसम्बन्धी जोखिमको विवरण ४०
४.१. १ वडाका आधारमा परिवार बसोबास गर्ने ठाउँको जोखिमको विवरण ४०
५. बाटोघाटो तथा खानेपानी ४२
५.१ घरसम्म पुग्ने बाटोको अवस्था ४२
५.१.१ वडाका आधारमा परिवार बसोबास गर्ने घरसम्म पुग्ने बाटो अवस्थाको विवरण ४२
५.२ खानेपानीको मुख्य स्रोत सम्बन्धी विवरण ४३
५.२.१ वडाका आधारमा खानेपानीको मुख्य स्रोत सम्बन्धी विवरण ४४
५.३ घरबाट पिउने पानीको मुख्य स्रोतसम्म पुग्न लाग्ने समय ४५
५.३.१ वडाका आधारमा परिवारको सदस्यलाई पिउने पानीको स्रोतसम्म पुग्न लाग्ने समय ४५
५.४ पिउने पानीको शुद्धीकरण विधि सम्बन्धी विवरण ४६
५.४.१ वडाका आधारमा परिवारको सदस्यले पिउने पानीका लागि अपनाएको शुद्धीकरण विधिको विवरण ४६
६. फोहोर-मैला तथा शौचालय ४८
६.१ घरबाट निस्किने ठोस फोहोर-मैलाको व्यवस्थापन ४८
६.१.१ वडाका आधारमा घरबाट निस्किने ठोस फोहोर-मैलाको व्यवस्थापन सम्बन्धी विवरण ४८
६.२ घरबाट निस्कने फोहोर पानीको व्यवस्थापन सम्बन्धी विवरण ४९
६.२.१ वडाका आधारमा घरबाट निस्कने फोहोर पानीको व्यवस्थापन सम्बन्धी विवरण ५०
६.३ घरबाट परिवारले प्रयोग गर्ने शौचालयका प्रकार ५१
६.३.१ वडाका आधारमा परिवारले प्रयोग गर्ने शौचालयको प्रकार सम्बन्धी विवरण ५१

७. इन्धन ५३
७.१ खाना पकाउन इन्धनको मुख्य स्रोत ५३
७.१.१ वडाका आधारमा परिवारले खाना पकाउन इन्धनको प्रयोग सम्बन्धी विवरण ५३
७.२. बत्तीको मूख्य श्रोत ५४
७.२.१ वडाका आधारमा परिवारले प्रयोग गर्ने बत्तीको मुख्य स्रोत सम्बन्धी विवरण ५५
८. साधन/सुविधाको उपभोग ५६
८.१ परिवारले उपभोग गरेका साधन/सुविधाहरु ५६
८.१.१ वडाका आधारमा परिवारले प्रयोग गर्ने साधन/सुविधाको उपभोग सम्बन्धी विवरण ५७
९. जग्गाको स्वामित्व र उपभोग ५८
९.१ परिवारको स्वामित्वमा रहेको जग्गा सम्बन्धी विवरण (नगरपालिका भित्र) ५८
९.२ परिवारको स्वामित्वमा रहेको जग्गा सम्बन्धी विवरण (नगरपालिका बाहिर) ५८
९.३ कृषि कार्यका लागि जग्गा प्रयोग ५९
९.३.१ वडाका आधारमा परिवारले कृषि कार्यका लागि प्रयोग गरेको जग्गा सम्बन्धी विवरण ५९
९.३.२ कृषि कार्यका लागि प्रयोग गरेको जग्गाको विवरण ६०
९.३.३ कृषि कार्यका लागि प्रयोग गरेको जग्गाको क्षेत्रफलको विवरण ६१
१०. बैंक तथा वित्तीय कारोबार ६२
१०.१ परिवारको सदस्यको बैंक तथा वित्तीय संस्थामा खाता ६२
१०.१.१ वडाका आधारमा परिवारको सदस्यको बैंक तथा वित्तीय संस्थामा खाता सम्बन्धी विवरण ६३
१०.२ परिवारको सदस्यको कुनै संघ-संस्था वा कसैबाट लिएको ऋण सम्बन्धी विवरण ६३
१०.२.१ वडाका आधारमा परिवारको ऋण सम्बन्धी विवरण ६३
१०.३ ऋण लिएको भए, ऋणसम्बन्धी विवरण ६४
१०.३.१ वडाका आधारमा परिवारले लिएको ऋण सम्बन्धी विवरण ६५
११. पारिवारिक आम्दानी तथा खर्च ६६
११.१ परिवारको आम्दानीको स्रोत ६६
११.१.१ वडाका आधारमा परिवारको आम्दानीको स्रोत सम्बन्धी विवरण ६६
११.२ परिवारको मासिक आम्दानी/खर्च ६७
११.२.१ वडाका आधारमा परिवारको मासिक आम्दानी सम्बन्धी विवरण ६८
११.२.२ वडाका आधारमा परिवारको मासिक खर्च सम्बन्धी विवरण ६९
११.२.३ परिवारको मासिक आम्दानीको आधारमा परिवारको मासिक खर्च सम्बन्धी विवरण ७०
१२. उत्पादनः कृषि, चौपाया तथा पशुपक्षी ७१
१२.१ बाली ७१
१२.१.१ कृषि उत्पादनले परिवारलाई खान पुग्ने समय ७१
१२.१.२ वडाका आधारमा कृषि उत्पादनले परिवारलाई खान पुग्ने समय ७१
१२.२ वार्षिक उत्पादन हुने बालीहरु ७२
१२.२.१ वडाका आधारमा परिवारको वार्षिक बाली उत्पादन सम्बन्धी विवरण ७३
१२.३ बालीहरुको प्रकार र उत्पादन ७४
१२.३.१ वडाको आधारमा बालीहरुको प्रकार र उत्पादन ७५
१२.४ चौपाया तथा पशुपक्षी ७६
१२.४.१ वडाका आधारमा परिवारको चौपाया तथा पशुपक्षी सम्बन्धी विवरण ७६
१२.५ पालिएका चौपाया तथा पशुपक्षी ७७
१२.५.१ वडाका आधारमा परिवारको चौपाया तथा पशुपक्षी सम्बन्धी विवरण ७७
१२.६ पालिएका चौपाया तथा पशुपक्षीको विवरण ७८

१२.६.१ वडाका आधारमा पालिएका चौपाया तथा पशुपक्षीको संख्या ७८
१२.६.२ वडाका आधारमा पालिएका चौपायाको दूध उत्पादनको विवरण ७९
१२.६.३ वडाका आधारमा पालिएका चौपाया तथा पशुपक्षीको मासु उत्पादनको विवरण ७९
१२.६.४ वडाका आधारमा पालिएका कुखुरा/हाँसको अन्डाको उत्पादनको विवरण ७९
१२.६.५ वडाका आधारमा मह उत्पादनको विवरण ७९
१३. सीप/तालिम ८०
१३.१ वडाका आधारमा परिवारको व्यावसायिक सीप/तालिम सम्बन्धी विवरण ८०
१३.१.१ व्यावसायिक सीप/तालिमका आधारमा लैंगिक विवरण ८१
१३.१.२ वडाका आधारमा व्यावसायिक सीप/तालिम प्राप्त गरेको परिवारको पुरुष सदस्य सम्बन्धी विवरण ८२
१३.१.३ वडाका आधारमा व्यावसायिक सीप/तालिम प्राप्त गरेको परिवारको महिला सदस्य सम्बन्धी विवरण ८३
१४. सरकारी सूचनाको माध्यम ८४
१४.१ वडाका आधारमा परिवारको सदस्यले सरकारी सूचना प्राप्त गर्न चाहेको माध्यम सम्बन्धी विवरण ८५
१५. नगरपालिकाको आवश्यक सहयोग ८६
१५.१ वडाका आधारमा टोल, छिमेक तथा समाजका लागि नगरपालिकाको आवश्यक सहयोग सम्बन्धी विवरण ८७
१६. भौतिक पूर्वाधारसँग सम्बन्धित विवरण ८८
१६.१ सिञ्चाई कुलो सम्बन्धी संक्षिप्त विवरण ८८
१६.१.१ सिञ्चाई कुलो सम्बन्धी वडागत विस्तृत विवरण ८८
१६.२ सडक मार्ग सम्बन्धी संक्षिप्त विवरण १००
१६.२.१ सडक मार्ग सम्बन्धी विस्तृत विवरण १०१
१६.२.२ कायम गरिएका बाटोको मापदण्डहरु १११
१६.३ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण १२२
१६.४ पैदल मार्ग (गोरेटो बाटो)को संक्षिप्त विवरण १२५
१६.४.१ पैदल मार्ग (गोरेटो बाटो)को विस्तृत विवरण १२५
१६.५ सार्वजनिक तथा सामुदायिक भवनको संक्षिप्त विवरण (विद्यालय भवन बाहेक) १४१
१६.५.१ सार्वजनिक तथा सामुदायिक भवनको विस्तृत विवरण (विद्यालय भवन बाहेक) १४१
१६.६ सरकारी भवन सम्बन्धी विवरण १४९
१६.७ पुल पुलेसा तथा झोलुङ्गे पुल सम्बन्धी विवरण १५१
१६.८ घट्ट, मिल संकलन तथा प्रशोधन सम्बन्धी विवरण १५३
१६.९ खानेपानी आयोजना सम्बन्धी संक्षिप्त विवरण १५४
१६.९.१ खानेपानी आयोजना सम्बन्धी विस्तृत विवरण १५४
१६.९.२ खानेपानी आयोजना संरचना संचालनको अवस्था १५९
१६.९.३ खानेपानी आयोजना संरचनाको विवरण १६७
१७. सामाजिक क्षेत्रसँग सम्बन्धित विवरण १७१
१७.१ मुख्य चाडपर्व तथा मेला जात्रा सम्बन्धी विवरण १७१
१७.२ आमा समुहको संक्षिप्त विवरण १७४
१७.२.१ आमा/महिला समुहको विस्तृत विवरण १७४
१७.३ टोल विकास संस्थाको संक्षिप्त विवरण १७८
१७.३.१ टोल विकास संस्थाको विस्तृत विवरण १७९
१७.४ बेसीशहर नगरपालिकामा रहेका होमस्टे सम्बन्धी विवरण १८१
१७.५ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल सम्बन्धी विवरण १८१
१७.६ व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण १८२
१७.७ सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी विवरण १८३
१७.८ नगरपालिकाको आय सम्बन्धी विवरण १८३
१७.९ बालगृह सम्बन्धी विवरण १८४
१७.१० सञ्चालित बृद्धाश्रम सम्बन्धी विवरण १८४
१७.११ स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विवरण १८५
१७.११.१ स्वास्थ्य संस्थासँग सम्बन्धित विवरण १८५
१७.११.२ चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरण १८६

१७.११.३ स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकीका कर्मचारी सम्बन्धी विवरण १८७
१७.११.४ खोप तथा पोषण सम्बन्धी विवरण १८८
१७.११.५ सुरक्षित मातृत्व सम्बन्धी विवरण १८८
१७.११.६ सुरक्षित मातृत्व सम्बन्धी विवरण १८९
१७.११.७ नगरपालिकाभित्र देखा परेका प्रमुख रोग र तिनका उपचार सम्बन्धी विवरण १९०
१७.१० शिक्षा क्षेत्रसँग सम्बन्धित विवरण १९१
१७.१०.१ विद्यालयको संक्षिप्त विवरण १९१
१७.१०.२ विद्यालयको भौतिक अवस्था १९२
१७.१०.३ सामुदायिक विद्यालयहरुको भौतिक विवरण २०७६ १९५
१७.१०.४ सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्या शैक्षिक सत्र २०७६ १९७
१७.१०.५ शिक्षक विवरण २००
१७.१०.६ विद्यालयगत शिशु र कक्षा १ नया भर्ना,१-८ छात्रा तथा ९-१० दलित छात्र छात्रा छात्रावृत्ति विवरण र रकम निकासा फारम २०७६ २०३
१७.१०.७ नगरपालिका स्थित सामुदायिक विद्यालयहरुको विषयगत तथा विद्यालयगत सिकाइ उपलब्धी-२०७६ २०५
१७.१०.८ नगरपालिका स्थित सामुदायिका विद्यालयहरुको विषयगत र विद्यालयगत सिकाइ उपलब्धी-२०७६ २०६
१७.१०.९ नगरपालिका स्थित सामुदायिक विद्यालयहरुको विषयगत तथा विद्यालयगत सिकाइ उपलब्धी-२०७६ २०७
१७.१०.१० कलेज तथा विद्यार्थी संख्या सम्बन्धी विवरण २०९
१८. आर्थिक विकाससँग सम्बन्धित विवरण २१०
१८.१ कृषक, उद्यमी तथा बचत समूहको संक्षिप्त विवरण २१०
१८.१.१ कृषक, उद्यमी तथा बचत समूहको विस्तृत विवरण २१०
१८.१.२ कृषक, उद्यमी तथा बचत समूहको विवरण २१४
१८.१.३ आधुनिक कृषि फारम (तरकारी, मौरी लगायत सवै) सम्बन्धी विवरण २१५
१८.१.४ कृषि तथा पशुसेवासंग सम्वन्धित सामुदायिक संस्था तथा समुहहरुको विवरण २१८
१८.१.५ कृषि तथा पशुसेवासँग सम्बन्धित मानव संशाधन विवरण (संख्या) २१९
१८.२ आधुनिक पशुपालन (गाइं, भैंसी, बाखा, बंगुर, र कुखुरा फर्म) सम्बन्धी विवरण २१९
१८.२.१ सार्वजनिक पोखरी तथा माछापालन २२३
१८.३ व्यापार व्यवसाय तथा उद्योग सम्बन्धी विवरण २२३
१८.३.१ व्यापार व्यवसाय तथा उद्योग सम्बन्धी विस्तृत विवरण २२४
१८.३.२ औषधी पसल/क्लिनिक/डेन्टल होम/निजी अस्पतालहरु २७१
१८.३.३ बेसीशहरस्थित बैंक तथा वित्तीय संस्थाहरु २७२
१८.३.४ इन्स्योरेन्स कम्पनीहरु २७३
१८.३.५ लेखापढी/कानून व्यवसायी/कन्सल्टेन्सी २७४
१८.३.६ एफएम पत्रपत्रिकाहरु २७५
१८.३.७ निजी विद्यालयहरु २७५
१८.३.८ सहकारी संस्थाहरु २७७
१८.४ वाणिज्य बैंक, विकास बैंक, वित्तिय संस्था, लघु वित्त संस्थाको लगानी निक्षेप सम्बन्धी विवरण २८१
१८.५ होटल सम्बन्धी विवरण २८१
१८.६ बेसीशहर नगरपालिकामा दर्ता भएका निर्माण व्यवसाय फर्म सम्बन्धी विवरण २८४
१९. वन वातावरण र विपद् सम्बन्धी विवरण २८५
१९.१ सामुदायिक वन सम्बन्धी विवरण २८५
१९.२ जोखिमयुक्त(सम्वेदनशील) स्थानमा बसोबास गरेका परिवार विवरण २८६
१९.३ विपदबाट मानवीय क्षति(विगत ५ वर्षको) २८७
१९.४ विपदको असर विवरण (विगत १ वर्षको) २८८
१९.५ जोखिम पहिचान तथा क्षमता विश्लेषण २८८
१९.६ भौतिक श्रोत सामाग्रीहरु २८९
१९.७ सामाजिक श्रोतहरु २८९
१९.८ विपदबाट क्षति सार्वजनिक संरचना तथा पूर्वाधार (गत १ वर्षको असरको आधारमा) २८९

२०. विभिन्न संघसंस्था र पदाधिकारी सम्बन्धी विवरण २९१
२०.१ लमजुङका स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख /उपाध्यक्षहरुको विवरण २९१
२०.२ जिल्ला समन्वय समिति लमजुङका पदाधिकारी तथा सदस्यहरुको विवरण २९१
२०.३ लमजुङ जिल्लाका स्नानीय तहका वडाध्यक्षहको विवरण २९१
२०.४ स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको विवरण २९३
२०.५ जिल्लास्थित सरकारी कार्यालय तथा प्रमुखहरुको नामावली २९४
२०.६ अन्य संघ संस्थाहरुको विवरण २९५
२०.७ सूचना तथा सञ्चार सम्बन्धी विवरण २९७
२०.८ जिल्लाका माननीय सांसदज्यूहरुको नामावली २९७
२०.९ वेसीशहर नगरपालिकाका जनप्रतिनिधिहरुको विवरण २९८
२०.१० विद्यालयका प्र.अ.हरुको विवरण २९९
२०.११ नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको विवरण ३०१
२१. बेसीशहर नगरपालिका र वडाहरुको श्रोत नक्साहरु ३०६

परिचय/सार संक्षेप

बेसीशहर नगरपालिका गण्डकी प्रदेश अन्तर्गत लमजुङ जिल्लामा पर्दछ । नेपाल सरकार मन्त्री परिषदको मिति २०७१/१/२५ को निर्णयानुसार साविकका उदीपुर, गाउँशहर, बेसीशहर, चण्डीस्थान, नाल्मा र पुरानोकोट गाविसहरु समेटेर नगरपालिका घोषणा गरिएको थियो र मिति २०७१/२/१ बाट नगरपालिका स्थापना भई सञ्चालनमा आएको थियो । नयाँ संविधान जारी भए पश्चात २०७३ मा चिती, बाँझाखेत, बाग्लुङपानी (५ वटा वडा) र हिलेटक्सार (एक वडा) समेत समेटेर बेसीशहर नगरपालिका स्थापना भएको हो । जिल्ला सदरमुकाम समेत रहेको यस बेसीशहर नगरपालिकामा हाल ११ वटा वडाहरु रहेका छन् । यस नगरपालिकाको पूर्वमा दोर्दी गाउँपालिका, पश्चिममा क्व्होंलासोथर गाउँपालिका र मध्यनेपाल नगरपालिका, उत्तरमा मर्स्याङ्दी गाउँपालिका र दक्षिणमा सुन्दरबजार नगरपालिका पर्दछन् । नगरपालिकाको केन्द्र वडा नं ८ बेसीशहर बजार स्थित फूलबारीमा रहेको छ ।

यो नगरपालिका राजधानी काठमाण्डौबाट १७८ किमी पश्चिम तथा प्रदेश राजधानी पोखराबाट १०८ किमी पूर्वमा एवम् व्यापारिक क्षेत्र नारायणगढबाट १०२ किमी उत्तरमा अवस्थित छ । यस नगरपालिकाको कुल क्षेत्रफल १२७.६४ वर्ग किमी रहेको छ । भौगोलिक अवस्थिति अनुसार २८ डिग्री ८ मिनेट उत्तरी अक्षांसदेखि २८ डिग्री १६ मिनेट उत्तरी अक्षांससम्म तथा ८४ डिग्री २० मिनेट पूर्वीय देशान्तरदेखि ८४ डिग्री २६ मिनेट पूर्वीय देशान्तरसम्म यस नगरपालिकाको भौगोलिक क्षेत्र फैलिएको छ । नगरपालिकाको केन्द्र बेसीशहर समुद्री सतहबाट ८२० मिटरको उचाईमा रहेको छ । मध्य पहाडी क्षेत्रमा अवस्थित यहाँको औषत तापक्रम २५ डिग्री सेल्सियस र हावापानी समसितोष्ण प्रकारको रहेको छ । यस नगरपालिका समुद्री सतहबाट ६५० मिटरदेखि १९५८ मिटरसम्मको उचाईमा रहेको पाइन्छ । यहाँको बार्षिक औषत बर्षा २८०० मिलिमिटर मापन गरिएको छ । मर्स्याङ्दी र दोर्दी यहाँको मुख्य नदी हुन् । अन्य ससाना खोलाहरुमा भलामखोला, भाचोकखोला, खहरेखोला, किरिञ्चेखोला, पुमा खोला, मजुवाखोला, धुवाखोला, झिंगेखोला, गाइखुरे खोला, राक्सेखोला आदि रहेका छन् ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वारको रुपमा बेसीशहरलाई लिइन्छ । शाहवंशको उदयस्थल गाउँशहरको लमजुङ दरबार यसै बेसीशहर नगरपालिकामा पर्दछ । गोरखा राज्यमा शाहवंशको स्थापना (द्रव्य शाह) भन्दा अघि नै लमजुङ जिल्लामा शाहवंशीय राजाहरु (पहिलो राजा कुलमण्डन शाह) ले राज्य गरेका थिए । गाउँशहर संगै ऐतिहासिक र पुरातात्विक महत्व बोकेको पुरानोकोटगढी रहेको छ । काउलेपानी, खासुर, नरुवल लगायतका प्रख्यात होमस्टे गाउँहरु, मध्यमर्स्याङ्दी जलविद्युत आयोजनाको जलाशय क्षेत्र यसै नगरपालिकामा रहेका छन् । लमजुङ कालिका, उदिपुर कालिका, चितीको निशानकालिका, बेसीशहर स्थित नारायणस्थान, कर्पुरेश्वर महादेव, हेल्स्यो गुम्बा लगायतका शक्तिपिठहरु यसै नगरपालिकामा रहेका छन् ।

वडागत रुपमा क्षेत्रफल विवरण (वर्ग कि.मी.मा)

वडा नं	क्षेत्रफल	वडा नं	क्षेत्रफल	वडा नं	क्षेत्रफल	वडा नं	क्षेत्रफल
१	११.३४	२	११.५५	३	१०.१०	४	११.०२
५	१५.७७	६	९.४६	७	२.८३	८	१.५४
९	६.४८	१०	२९.९०	११	१७.६२	जम्मा	१२७.६

भू उपयोग सम्बन्धी विवरणः

क्र.सं	विवरण	क्षेत्रफल (वर्ग किमी)	प्रतिशत
१	बस्ती क्षेत्र	३.९६	३.१०
२	खेती गरिएको जमिन	४६.२५	३६.२३
३	बन क्षेत्र	७३.३९	५७.५०
४	घाँसे चरन क्षेत्र	०.१२	०..०९
५	खुल्ला क्षेत्र	०.०८	०.०६
६	सार्वजनिक क्षेत्र	१.५८	१.२३
७	बुट्यान क्षेत्र	०.२९	०.२३
८	बगर क्षेत्र	०.१४	०.११
९	जल क्षेत्र	१८४	१.४४

श्रोत : शहरी विकास तथा भवन निर्माण विभाग प्रतिवेदन २०७६

बेसीशहर नगरपालिकाको कुल जनसंख्या ४४५९८ रहेको छ । जसमध्ये ४९% महिला छन् भने ५१% पुरुष छन् । कुल जनसंख्याको ७४.९८% जनसंख्या हिन्दु छन् जसमा जातजातीको हिसाबले क्षत्री जतिको बाहुल्यता रहेको पाइयो । मातृभाषाको हकमा ८०.३३% जनसंख्याको मातृभाषा नेपाली देखियो । नगरपालिकाको शैक्षिकस्तरको हकमा ८.८८% जनसंख्या लेखपढ गर्न नसक्ने देखिन्छ भने ७७.५४% जनसंख्या औपचारिक शिक्षा हासिल गरेका वा गर्दै गरेको देखिन्छ । बसोबासको हकमा ७८.१६% जनसंख्या बेसीशहर नगरपालिकामा स्थायी रुपमा बसोबास गरेको पाइयो भने २१.८४% जनसंख्या नगरपालिका बाहिर स्वदेश वा विदेशमा बस्ने गरेको पाइयो । बेसीशहर नगरपालिकामा बसोबास गर्ने जनसंख्याको मुख्य पेसाका रुपमा कृषि तथा पशुपालन देखियो । कुल जनसंख्याको १२.७८% जनसंख्या कृषि तथा पशुपालनमा आवद्ध छन् । वैवाहिक स्थितिको हकमा ३०.७६% जनसंख्या अविवाहित छन् । कुल जनसंख्याको ८८.२२% जनसंख्या स्वस्थ रहेको पाइयो यस्तै गरी कुल जनसंख्याको ९६.९५% जनसंख्यामा कुनै किसिमको अपाङ्गता नरहेको देखिन्छ ।

विगत १ वर्षदेखि बेसीशहर नगरपालिकामा ३१८ जनाको मृत्यु भएको देखिन्छ जसमा ५५.९७% पुरुष र ४४.०३% महिला छन् । मृत्युको मुख्य कारण दीर्घरोग देखिएको छ । जसमा कुल मृत्यु भएकोमा ५७.८६% दीर्घरोग कारक भएको देखिन्छ ।

बेसीशहर नगरपालिकामा कुल ९८३५ परिवार रहेको देखिन्छ जसमा परिवारमूलीका रुपमा ६३.३८% पुरुष छन् भने ३६.६१% महिला छन् । कुल परिवारमध्ये ७६.५३% परिवारको नगरपालिकाभित्र घर भएको देखिन्छ भने २३.४४% नगरपालिकाभित्र घर नरहेको देखिन्छ । नगरपालिकाभित्र घर नभएकाहरु भाडाका वा संस्थागत घरमा बस्ने गरेको पाइयो र यस्ता परिवारमध्ये ५१.४% परिवारको नगरपालिका बाहिर अन्यत्रै घर रहेको देखिन्छ । बेसीशहर नगरपालिकामा ११.३% परिवारको कतै पनि घर नभएको देखिन्छ । कुल परिवार संख्याको ४५.६८% परिवार ३ देखि ४ वटा कोठामा आफ्नो परिवारको गुजारा गर्दै आएका छन् । नगरपालिकाभित्र कुल परिवार बसोबास गर्ने परिवारमध्ये ५६.१३% परिवारको घरको छाना जस्ता, टिन वा च्यादरले छाएको देखिन्छ भने ४९.४८% परिवारको घरको जग माटोको जोडाई भएको इँटा/ढुंगाले बनेको छ । यस्तै गरी ५७.५०% परिवारको घरको पर्खाल सिमेन्टको जोडाई भएको इँटा/ढुंगाले बनेको देखिन्छ ।

बेसीशहर नगरपालिकामा जोखिमको कुरा गर्दा ४७.३६% परिवारले आफू बसोबास गर्ने ठाउँमा कुनै किसिमको जोखिम नरहेको जनाएका छन् भने ४१.८०% परिवारले भूकम्पको जोखिम रहेको जनाएका छन् ।

बेसीशहर नगरपालिकामा मात्र २३.६२% परिवारले आफ्नो घरसम्म पुग्ने बाटोको अवस्था पक्की र कालोपत्रे रहेको जनाएका छन् । अन्य परिवारको घरसम्म पुग्ने बाटोको अवस्था सन्तोषजनक नरहेको जनाएका छन् । यस्तैगरी नगरपालिकामा मुख्य पानीको स्रोतका रुपमा घरमा जडित पाइप धारा रहेको देखिन्छ । कुल परिवार संख्याको ७७.७०% परिवारको घरमै पानीको पाइप रहेको जनाएका छन् । नगरपालिकामा पिउने पानी शुद्धीकरणका लागि कुल परिवारको ७४.६८% परिवारले केही नगर्ने जनाएका छन् भने मात्र ३५.३२% परिवारले शुद्धीकरण विधि अपनाउने गरेको पाइयो ।

बेसीशहर नगरपालिकामा फोहोर-मैला व्यवस्थापनको हकमा कुल परिवार संख्याको १८.७२५ परिवारले फोहोर-मैला अव्यवस्थित रुपले खोल्सामा तथा सार्वजनिक स्थलमा फाल्ने गरेको पाइयो । यस्तैगरी घरबाट निस्किने फोहोर पानीको हकमा कुल परिवार संख्याको १०.१४% परिवारले फोहोर पानी अव्यवस्थित रुपले खोल्सामा तथा सडक वा सार्वजनिक स्थलमा फाल्ने गरेको पाइयो । बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको १.४३% परिवारको घरमा शौचालय नभएको देखिन्छ ।

बेसीशहर नगरपालिकामा खाना पकाउन इन्धनका रुपमा मुख्य गरी एल.पी. ग्यास र दाउरा देखिन्छ । कुल परिवार संख्याको ९७.३२% परिवारले एल.पी. ग्यास र दाउरा प्रयोग गरेको पाइयो र कुल परिवार संख्याको ९८.७६% परिवारले बत्तीको मुख्य स्रोतका रुपमा बिधुत प्रयोग गरेको पाइयो ।

बेसीशहर नगरपालिकामा धेरैजसो सर्वसाधारणले साधन र सुविधाहरुको प्रयोग गरेको पाइयो । मुख्य रुपमा टेलिफोन वा मोबाइल प्रयोग गरेको पाइयो जसमा कुल परिवार संख्याको ९२.८८% परिवारले प्रयोग गर्ने गरेका छन् । यस्तैगरी ७०.७२% परिवारले टेलिभिजन प्रयोग गर्ने गरेका छन् ।

परिवारको जग्गाको स्वामित्वको हकमा बेसीशहर नगरपालिकाभित्र कुल क्षेत्रफलमध्ये परिवारको स्वामित्वमा रहेको कुल जग्गा ४०९५८.४९ रोपनी रहेको देखिन्छ । कुल परिवार संख्याको ५४.१४% परिवारले मात्र कृषिको लागि जग्गा प्रयोग गरेको पाइयो । यस्ता परिवारहरुमा, मात्र ३१.१०% परिवारलाई आफूले उब्जाउ गरेको अन्नरबालीबाट ९ देखि १२ महिना खान पुग्ने देखिन्छ ।

बेसीशहर नगरपालिकामा मुख्य रुपमा उब्जाउ हुने बालीमध्ये अन्नबाली, तरकारी र नगदेबाली रहेको देखिन्छ । यस्तैगरी चौपाया तथा पशुपक्षी पालनको हकमा कुल चौपाया तथा पशुपक्षी पालेको परिवारमध्ये मुख्य रुपमा भेडा, बाख्रा, खसी, बोका, राँगा, भैंसी, पाडापाडी, कुखुरा, हाँस, गाई, गोरु पालेको देखिएको छ ।

कुल परिवार संख्याको ८४.२७% परिवारको बैंक तथा वित्तीय संस्थामा खाता रहेको देखिन्छ भने कुल परिवार संख्याको ३७.३४% परिवारले ऋण लिएको पाइयो ।

बेसीशहर नगरपालिकामा परिवारको मुख्य आम्दानीको स्रोतका रुपमा कृषि तथा पशुपालन देखिएको छ । कुल परिवार संख्याको ३६.५५% परिवारले सो पेसाबाट जिविकोपार्जन गर्ने गरेको पाइयो भने २९.८१% परिवारको आम्दानीको स्रोतका रुपमा वैदेशिक रोजगार रहेको पाइयो । यस्तैगरी अन्य आम्दानीको स्रोतका रुपमा नोकरी र जागिर, पेन्सन, व्यापार र व्यवसाय आदि रहेको पाइयो ।

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको १०.०९% परिवारको सदस्यले विगत ३ वर्षमा व्यावसायिक सीप/तालिम हासिल गरेका छन् । यस्तो सीप/तालिम प्राप्त गर्ने पुरुषमध्ये सबैभन्दा धेरै निर्माण सम्बन्धी तालिम लिएको पाइयो भने महिलाको हकमा सीप/तालिम प्राप्त गर्नेमध्ये सबैभन्दा धेरै सिलाइ-बुनाई, बुटिक, शृंगार, पार्लर आदि सम्बन्धी तालिम लिएको पाइयो ।

बेसीशहर नगरपालिकामा कुल परिवार संख्यामध्ये धेरै परिवारहरुले सरकारी जानकारी तथा डाटाहरु प्राप्त गर्न उपयुक्त मध्यम टेलिभिजन, मोबाइल एप्लिकेसन, रेडियो, स्थानीय राजनीतिक नेताहरु, समाचारपत्र/पत्रपत्रिकाहरु, सरकारी अधिकारीहरु, वेबसाइटहरु, पोस्टर तथा पम्प्लेट आदि मुख्य रुपमा जनाएका छन् । यस्तै गरी बेसीशहर नगरपालिकामा टोल, छिमेक तथा समाजका लागि नगरपालिकाले गर्नुपर्ने काम तथा सहयोग सम्बन्धी मुख्य रुपमा सडक निर्माण तथा स्तरोन्नती, सीपमूलक तालिम र खानेपानी आपूर्तिको व्यवस्था हुनुपर्ने जनसरोकार छ ।

बेसीशहर नगरपालिकामा कुल २५५ वटा सडकहरु रहेका र उक्त सडकहरुको कुल लम्बाई ४४७.७० किलोमिटर रहेको पाइन्छ । जसमा ९०% कच्ची, ७% पक्की तथा ३% ग्राभेल रहेको पाइन्छ । कच्ची सडकको लम्बाई ४०४.५ किमी, पक्की सडकको लम्बाई ३२.६९ तथा ग्राभेल सडकको लम्बाई १०.५ किमी रहेको छ । सवैभन्दा धेरै सडक लम्बाइ भएको वडा ११ नं हो भने दोश्रो धेरै सडक लम्बाई भएको वडा १० नं हो जसमा क्रमशः८१.९४ र ७०.८३ किमी सडक रहेको पाइन्छ ।

बेसीशहर नगरपालिकामा कुल ३७७ वटा सिंचाई कुलोहरु रहेको पाइन्छ । कुल ३७७ वटा सिंचाइ कुलोहरुबाट २७ हजार ३२ रोपनी जमिन सिंचित भएको देखिन्छ भने कुल ७ हजार १ सय ६२ घरपरिवार लाभान्वित भएका छन् । ३७७ सिंचाई कुलोहरुमध्ये जम्मा २१ (५.५७%) वटा कुलोहरुबाट कुल २८१५ रोपनी जग्गा बाह्रैमास सिंचाई सुविधा उपलब्ध भएको पाइन्छ । सवैभन्दा बढी कुलोहरु रहेका २ वटा वडाहरुमा वडा नं ११ र १० रहेका छन् ।

पैदलमार्ग (गोरेटो बाटो) तर्फ बेसीशहर नगरपालिकामा कुल ३९६ वटा गोरेटो बाटोहरु रहेको पाइन्छ । जसको कुल लम्बाई ५११ किमी रहेको छ । प्रति पैदलमार्गको औषत लम्बाई १.२९ किमी देखिन्छ । कुल पैदलमार्ग मध्ये ८५ किमी (१६.६७%) सिंढी रहेको छ भने ४२६ किमी (८३.३६%) कच्ची तथा अन्य प्रकारको रहेको छ । बेसीशहर नगरपालिकामा कुल २५ वटा खेलकुँद मैदान तथा ३७ वटा मनोरञ्जनस्थलहरु रहेका छन् ।

यस बेसीशहर नगरपालिकामा कुल २२९ वटा सामुदायिक भवनहरु रहेका छन् । जसमध्ये ८१ वटा (३५%) भवनको अवस्था राम्रो, ११२ वटा (४९%) भवनको अवस्था ठीकै तथा ३६ वटा (१६%) सामुदायिक भवनको अवस्था जीर्ण रहेको

पाइन्छ । उक्त भवनहरुको स्वामित्वमा कुल १ हजार ८ सय ४९ आना जमिन रहेको छ जसमध्ये भवन संरचनाले मात्रै ५९% जग्गा ओगटेको छ । अधिकांश भवनहरुको उपयोग बैठक/भेलाको लागि हुने गरेको छ ।

बेसशहर नगरपालिकामा कुल ५१ वटा सरकारी भवनहरु रहेका छन् । वडा नं १ मा ५ वटा, वडा नं २ मा १ वटा, वडा नं ३ मा ७ वटा, वडा नं ४ मा १ वटा, वडा नं ५ मा ३ वटा, वडा नं ६ मा १ वटा, वडा नं ७ मा ४ वटा, वडा नं ८ मा २१ वटा, वडा नं ९ मा १ वटा, वडा नं १० मा ३ वटा, वडा नं ११ मा ४ वटा सरकारी भवन रहेका छन् । कुल ५१ वटा सरकारी भवनमध्ये २९ वटा (५७%) भवनको अवस्था राम्रो रहेको पाइएको छ ।

बेसीशहर नगरपालिका भित्र तथा नगरपालिकाको सिमा क्षेत्रमा समेत गरी कुल ३१ वटा झोलुंगे पुलहरु रहेको पाइन्छ । जसमध्ये १२ वटा (३९%) झो.पु.हरुको अवस्था राम्रो, १७ (५५%) वटा झो.पु.हरुको अवस्था ठीकै तथा २ (६%) वटा पुलहरुको अवस्था जीर्ण रहेको पाइन्छ । यसै गरी नगरपालिका भित्र तथा सिमानामा कुल ८ वटा सडकपुलहरु रहेका र सबैको अवस्था राम्रो रहेको पाइन्छ तथा फलामे पुल, कल्भर्ट गरी कुल ११ वटा संरचनाहरु रहेको पाइन्छ । बेसीशहर नगरपालिकामा कुल ७३ वटा विद्युत मिलहरु रहेको पाइन्छ ।

खानेपानीतर्फ बेसीशहर नगरपालिकामा कुल १४६ वटा खानेपानी स्किमहरु रहेको देखिन्छ । वडा नं १ मा ११ वटा, वडा नं २ मा १६ वटा, वडा नं ३ मा ११ वटा, वडा नं ३ मा १० वटा, वडा नं ५ मा ११ वटा, वडा नं ६ मा २० वटा, वडा नं ७ मा १ वटा, वडा नं ८ मा २ वटा, वडा नं ९ मा ९ वटा, वडा नं १० मा ३४ वटा, वडा नं ११ मा १७ वटा, वडा नं २ र ३ मा १ वटा,वडा नं ८ र ९ मा १ वटा खानेपानीका स्किमहरु रहेको पाइन्छ । कुल १४६ वटा स्किमहरुमध्ये ८६ (५९%) वटा स्किमहरु पुर्णरुपमा सुरक्षित तथा ५४ (३७%) वटा स्किमहरु जीर्ण रहेको पाइन्छ भने बाँकी ६ (४%) स्किमहरु ठीकै रहेका छन् ।

बेसीशहर नगरपालिकामा कुल १६८ वटा आमा समुहहरु रहेका छन् जुन आमा समुहहरुले ६९०७ घरपरिवार समेटेको पाइन्छ । समेटिएका घर परिवारहरुमध्ये १४ प्रतिशत दलित, ४८ प्रतिशत जनजाति तथा ३८ प्रतिशत अन्य जाति रहेको पाइन्छ । सवैभन्दा धेरै आमा समुहहरु वडा नं १० मा रहेको पाइन्छ । जसमा कुल २६ वटा आमा समुहहरु रहेका छन् । यसै गरी कुल ८ वटा वडामा ८२ वटा टोल विकास संस्थाहरु गठन गरिएका छन् भने ३ वटा वडामा टोल विकास संस्थाहरु गठन भएको देखिदैन । कुल गठन भएका ८२ वटा टोल विकास संस्थामा ६७३५ घरपरिवार समेटिएका छन् ।

बेसीशहर नगरपालिकाका ५ वटा वडाहरुमा कुल ९ वटा होमस्टे गाउँहरु रहेको पाइन्छ । वडा नं २ मा ३ वटा, वडा नं ३ मा २ वटा, वडा नं ४ मा १ वटा, वडा नं ६ मा १ वटा र वडा नं १० मा २ वटा होमस्टे रहेको पाइन्छ । ९ वटा गाउँहरुका ११४ घरमा १५९ वटा कोठाहरु र ३४६ वटा बेडहरु रहेको अवस्था भेटिन्छ । यसै गरी नगरपालिकामा धार्मिक, ऐतिहासिक तथा प्राकृतिक महत्व बोकेका कुल ३५ वटा पर्यटकीय स्थलहरु रहेका छन् । जसमध्ये २७ वटा (७७%) स्थलहरुमा सडक पहुँच पुगेको देखिन्छ भने बाँकी ८ वटामा (२३%) स्थलहरुमा सडक पहुँच पुग्न बाँकी रहेको पाइन्छ ।

२०७६ सालमा बेसीशहर नगरपालिकामा कुल ९१४ जन्मदर्ता, ३०१ मृत्यु दर्ता, ३२४ विवाहदर्ता, २५ वटा सम्बन्ध विच्छेदका घटना दर्ता भएको पाइन्छ । यसै गरी कुल १२७ जना बसाइँ सरी आएका छन् भने १८६ जना बसाइँ सरी गएका छन् । सामाजिक सुरक्षातर्फ आव २०७६/०७७ मा बेसीशहर नगरपालिकामा कुल १६६५ जना जेष्ठ नागरिक, ६२० जना दलित जेष्ठ नागरिक, १२६ जना एकल महिला, ९८९ जना विधवा महिला, ८१ जना पूर्ण अपांगता भएका, १९२ जना अति अशक्त अपांगता भएकाहरुले सामाजिक सुरक्षा भत्ता तथा ४५४ जना बालबालिकाहरुले बाल संरक्षण अनुदान प्राप्त गरेका छन् । सामाजिक सुरक्षा भत्तातर्फ सो आवमा कुल ११ करोड ३९ लाख ५९ हजार ८ सय वितरण भएको पाइन्छ । राजश्व बाँडफाँड, आन्तरिक आय तथा अनुदानतर्फ आव २०७६/०७७ को कुल आय अनुमान रु ६३ करोड ९५ लाख ३९ हजार रहेकोमा यथार्थ आय ५४ करोड ९९ लाख २ हजार रहेको पाइन्छ जुन अनुमानित आयको ८६% हुन आउँछ । यसमा सामाजिक सुरक्षा भत्ता लगायतको रकम गणना गरिएको छैन । चालु आ.व. २०७७/७८ को आन्तरिक, राजश्व र अनुदानतर्फको अनुमानित आय रु ६३ करोड ७४ लाख ५७ हजार गरिएको छ । यसमा पनि सामाजिक सुरक्षा भत्ता गणना गरिएको छैन ।

बेसीशहर नगरपालिकामा एउटा सरकारी सामुदायिक जिल्ला अस्पताल तथा २ वटा नीजि अस्पताल रहेका छन् । यसै गरी ७ वटा स्वास्थ्य चौकी, ४ वटा शहरी स्वास्थ्य केन्द्र तथा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहको छ । औषधी पसल, क्लिनिकहरुको संख्या जम्मा ३० रहेको छ । प्रमुख रोगहरुमा ग्याष्टिक/अल्सर, रक्तचाप,मधुमेह, दम (श्वासप्रश्वास) तथा प्रसतीजन्य रोग रहेका छन् । कुल ११८ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यरत छन् । सरकारी दरबन्दीमा २ जना सामान्य चिकित्सक, १ जना जनस्वास्थ्य अधिकृत, ४ जना हे.अ., १० जना अहेव, २१ जना अनमी तथा १ जना ल्याव असिस्टेन्ट कार्यरत छन् । जिवित नवजात शिशु संख्या ९१४ र मृत जन्म नवजात शिशु संख्या १२ रहेको छ ।

बेसीशहर नगरपालिकामा कुल ५२ वटा सामुदायिक विद्यालय र १४ वटा संस्थागत विद्यालय गरी जम्मा ६६ वटा विद्यालय रहेका छन् जसमध्ये माध्यमिक विद्यालयको संख्या सामुदायिकतर्फ १३ वटा र संस्थागततर्फ १० वटा रहेका छन् । प्राविधिक धार सञ्चालन भएको सामुदायिक विद्यालय संख्या २ वटा छन् । नगरपालिका भित्र जम्मा २ वटा कलेज रहेका छन् । कुल ११ वटा सामुदायिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला रहेको छ । सामुदायिक विद्यालयहरुमा अध्ययनरत कुल विद्यार्थी संख्या ४ हजार ५ सय ६५ र नीजि विद्यालयहरुमा अध्ययनरत कुल विद्यार्थी संख्या ६ हजार ४ सय ९ रहेको छ । कुल विद्यार्थीहरु मध्ये छात्रको प्रतिशत ५१ र छात्राको प्रतिशत ४९ रहेको छ । सामुदायिक विद्यालयहरुमा कार्यरत कुल शिक्षक शिक्षिका संख्या ३३७ रहेको छ जसमध्ये शिक्षिकाको संख्या १३५ (४०%) रहेको छ । यसै गरी नीजि विद्यालयहरुमा कुल ३६५ जना शिक्षक शिक्षिकाहरुमध्ये २२३ जना (६१%) शिक्षिका कार्यरत रहनु भएको छ । २ वटा कलेजहरुमा कुल विद्यार्थी संख्या ११५५ रहेको छ जसमध्ये छात्राको संख्या ४२० (३६%) देखिन्छ । बेसीशहर नगरपालिकामा १ वटा बाल संरक्षण गृह रहेको छ जसमा १० जना बालबालिका आश्रित रहेका छन् भने १ वटा मानव सेवा आश्रम छ जसमा २३ जनालाई संरक्षित गरिएको छ ।

बेसीशहर नगरपालिकामा कुल १४३ वटा कृषि, उद्यमी तथा बचत समुहहरु रहेका छन् । जसमा कुल २७५२ जना सदस्यहरु आवद्ध भएका छन् । कुल सदस्यहरुमध्ये महिला १८२७ जना (६६%) र पुरुष ९२५ (३४%) आवद्ध रहेका छन् । सवैभन्द धेरै समुह वडा नं १० मा ३० वटा समुह रहेका छन् । विभिन्न प्रकारका कृषि फर्महरुको कुल संख्या ८८ रहेको पाइन्छ । जसमा वडा नं १० मा सवैभन्दा धेरै २९ वटा कृषि सम्बन्धी फर्म रहेका छन् । सवै वडाहरुमा कुल व्यवसायिक अगुवा कृषकहरुको संख्या ७९ रहेको छ भने व्यवसायिक नर्सरी सञ्चालक ५ जना रहेका छन् । यसै गरी व्यवसायिक आधुनिक पशु फर्महरुको संख्या ७९ रहेको छ । जसमध्ये दूग्धजन्य सम्बन्धी फर्म २५ वटा (३२%) र बाखा मासुजन्यतर्फ ४३ वटा (५४%) र अन्य फर्महरुको संख्या ११ वटा रहेको छ । नगरपालिका भित्र कुल ९ वटा माछापोखरीहरु रहेका छन् जुन पोखरीहरुले कुल २२.५ रोपनी जग्गा ओगटेको छ ।

बेसीशहर नगरपालिका भित्र कुल १८७० वटा व्यवसायिक प्रतिष्ठानहरु रहेका छन् । जसमध्ये सवैभन्दा धेरै किराना पसलहरु रहेका छन् जसको संख्या ४८७ रहेको छ । होटल, रेष्टुरेन्ट, भान्साघर एवम् खाजा पसलको संख्या २७९, फेन्सी तथा कपडा पसलको संख्या ११५, कस्मेटिक पसलहरु ९१, कृषि पशु फर्म १५३, फ्रेस हाउस मासु पसल ६६, टेलरिङ ६०, इलोक्ट्रोनिक्स तथा इलेक्ट्रिकल्स पसल ५३, बैंक तथा वित्तिय संस्थाहरु २५, लेखापढी कानून व्यवसायी ३६, हार्डवेयर १९, स्टेशनरी २७, इन्स्योरेन्स कम्पनीहरु २४ आदि रहेका छन् । सवैभन्दा धेरै व्यवसायिक प्रतिष्ठानहरु वडा नं ८ मा रहेका छन् जहाँ ६०९ वटा व्यवसायिक प्रतिष्ठानहरु रहेका छन् । दोश्रो धेरै व्यवसायिक प्रतिष्ठान वडा नं ७ मा जहाँ ४९९ वटा रहेका छन् । बेसीशहर नगरपालिका मात्र कार्यक्षेत्र भई सञ्चालनमा आएका सहकारीहरु ३४ वटा रहेका छन् । बेसीशहर नगरपालिकामा कुल १२ वटा निर्माण व्यवसायीहरु दर्ता भएका छन् । हालसम्म बेसीशहर नगरपालिकामा सूचीकृत हुने व्यवसायिक प्रतिष्ठानको संख्या ८३६ पुगेको छ । बेसीशहर स्थित बैंकहरुको जम्मा लगानी रकम ७१२.७४ करोड, निक्षेप संकलन ६६०.३६ करोड गरी जम्मा कारोबार १३७३.१ करोड रहेको देखिन्छ ।

बेसीशहर नगरपालिकामा कुल ६२ वटा सामुदायिक वनहरु रहेको देखिन्छ । उक्त सामुदायिक वनमा कुल ६१२५ घरधुरी समेटिएका छन् भने सामुदायिक वनको कुल क्षेत्रफल ३७६२ हेक्टर रहेको पाइन्छ ।

१. जनसंख्या

१.१ जनसंख्या सम्बन्धी आधारभूत विवरण :


बेसीशहर नगरपालिकाको कुल जनसंख्या ४४,५९८ रहेको छ जुन २०६८ को गणना भन्दा ३,९९९ बढेको देखिन्छ । कुल जनसंख्या वृद्धिदर ९.८४% रहेको छ । सबैभन्दा धेरै जनसंख्या वडा ७ मा ८७०३ रहेको छ । जुन कुल जनसंख्याको १९.५१% हो । बेसीशहर नगरपालिकामा कुल जनसंख्याको ४९% महिलाले ओगटेका छन् भने ५१% पुरुषले ओगटेका छन् । कुल जनसंख्याको २१.५९% हिस्सा १ वर्षदेखि १४ वर्ष उमेरका बालबालिकाले ओगटेका छन् । जातजातिका हकमा सबैभन्दा धेरै जनसंख्या भएको जाति क्षत्री हो जसले कुल जनसंख्याको २७.४८% हिस्सा ओगटेको छ । यस्तैगरी गुरुङ जाति कुल जनसंख्याको २६.२९% हिस्सा ओगटेर जनसंख्या धेरै भएको जातजातिमध्ये दोस्रो स्थानमा छ । बेसीशहर नगरपालिकामा ७४.९८% जनसंख्या हिन्दु धर्ममा आस्था राख्ने देखिन्छ । यस्तैगरी २१.६२% जनसंख्या बौद्ध धर्ममा आस्था राख्ने देखिन्छ । बेसीशहर नगरपालिकामा ८०% जनसंख्याको मातृभाषा नेपाली रहेको छ । यस नगरपालिकाको साक्षरता दर ८३.३०% रहेको छ जसमा पुरुष साक्षरता दर ८७.३२% र महिला साक्षरता दर ७९.१२% रहेको छ । बसोबास अवस्थाको हकमा ७८.१६% जनसंख्या बेसीशहर नगरपालिकामै बसेको देखिन्छ भने कुल अनुपस्थित जनसंख्या २१.८७% छ । बेसीशहर नगरपालिकामा जीविकोपार्जनका लागि कृषि तथा पशुपालन मुख्य पेसाका रुपमा देखिएको छ । जुन कुल जनसंख्याको १२.७८% हिस्सा हो । यस्तैगरी ९५.९५% जनसंख्यामा कुनै अपाङ्गता नभएको देखिन्छ भने बेसीशहर नगरपालिकामा ८८.२२% जनसंख्याले स्वस्थ रहेको जनाएका छन् ।

१.२ वडाका आधारमा जनसंख्या विवरण

बेसीशहर नगरपालिकामा सबैभन्दा धेरै जनसंख्या भएको वडाका रुपमा वडा नम्बर ७ रहेको देखिन्छ । यस वडामा नगरपालिकाको कुल जनसंख्याको १९.५१% जनसंख्या छ । वडा ८ भने सबैभन्दा धेरै जनसंख्या भएको वडामध्ये दोस्रो स्थानमा छ । यस वडामा नगरपालिकाको कुल जनसंख्याको १६.६५% जनसंख्या छ । यस्तैगरी बेसीशहर नगरपालिकामा सबैभन्दा थोरै जनसंख्या भएको वडाको रुपमा वडा नम्बर ४ रहेको देखिन्छ । यस वडामा नगरपालिकाको कुल जनसंख्याको ३.०८% जनसंख्या छ । अन्य वडाहरुको जनसंख्याको विवरण निम्न तालिकामा उल्लेखित छ ।

वडा नं.	जनसंख्या	प्रतिशत
१	२७७७	६.२३
२	४२२१	९.४६
३	३४११	७.६५
४	१३७५	३.०८
५	१८३०	४.१०
६	२७५३	६.१७
७	८७०३	१९.५१
८	७८७२	१७.६५
९	२३२६	५.२२
१०	३३४७	७.५०
११	५९८३	१३.४२
जम्मा	**४४५९८**	**१००**

१.३ उमेरको आधारमा जनसंख्या विवरण



बेसीशहर नगरपालिकामा कुल जनसंख्याको २२.७२% जनसंख्या १४ वर्ष वा सोभन्दा मुनिका बालबालिका रहेको देखिन्छ र १९.८५% जनसंख्या १५ वर्ष देखि २४ वर्षसम्म रहेको देखिन्छ । यस्तैगरी २५ वर्षदेखि ३४ वर्ष उमेर समूहको जनसंख्या १९.०६% रहेको देखिन्छ भने १३.४७% जनसंख्या ३५ वर्षदेखि ४४ वर्षसम्म रहेको देखिन्छ । २४.८९% जनसंख्या ४५ वर्ष वा सोभन्दा माथि रहेको देखिन्छ ।

उमेर समूह	संख्या	प्रतिशत
१ वर्षभन्दा सानो	५०६	१.१३
(१-१४)	९६३०	२१.५९
(१५-२४)	८८५२	१९.८५
(२५-३४)	८४९८	१९.०६
(३५-४४)	६००८	१३.४७
(४५-५४)	४३९६	९.८५
(५५-६४)	३३०८	७.४२
(६५-७४)	२०९७	४.७०
७५ वर्षभन्दा माथि	१३०३	२.९२
जम्मा	**४४५९८**	**१००**

१.३.१ वडाका आधारमा उमेरको विवरण

बेसीशहर नगरपालिकाको वडा १, २, ४, ७, ८ र ११ मा १ वर्षदेखि १४ वर्ष उमेर समूहका बालबालिकाको जनसंख्या अन्य उमेर समूहभन्दा धेरै देखिन्छ भने वडा ३, ५, ६, ९ र १० मा १५ वर्षदेखि २४ वर्ष उमेर समूहका जनसंख्या अन्य उमेर समूहभन्दा धेरै देखिन्छ ।


वडा नं:		उमेर (वर्षमा)								
		१ वर्षभन्दा सानो	(१-१४)	(१५-२४)	(२५-३४)	(३५-४४)	(४५-५४)	(५५-६४)	(६५-७४)	७५+
१	संख्या	२६	५६७	५३८	५६६	३४३	२७१	२३२	१३१	१०३
	प्रतिशत	०.९	२०.४	१९.४	२०.४	१२.४	९.८	८.४	४.७	३.७
२	संख्या	२६	८५२	७९८	७७९	५६४	४५५	३४७	२४७	१५३

वडा नं:		उमेर (वर्षमा)								
		१ वर्षभन्दा सानो	(१-१४)	(१५-२४)	(२५-३४)	(३५-४४)	(४५-५४)	(५५-६४)	(६५-७४)	७५+
	प्रतिशत	०.६	२०.२	१८.९	१८.५	१३.४	१०.८	८.२	५.९	३.६
३	संख्या	३५	६५१	७१६	६३९	४५४	३९६	२५९	१८३	७८
	प्रतिशत	१.०	१९.१	२१.०	१८.७	१३.३	११.६	७.६	५.४	२.३
४	संख्या	९	२८३	२५१	२५९	१४८	१६६	११२	९८	४९
	प्रतिशत	०.७	२०.६	१८.३	१८.८	१०.८	१२.१	८.१	७.१	३.६
५	संख्या	१६	३३०	३७८	३०९	२१०	१७९	२०४	१४१	६३
	प्रतिशत	०.९	१८.०	२०.७	१६.९	११.५	९.८	११.१	७.७	३.४
६	संख्या	४४	५४२	५८४	४६०	३४९	३०५	२११	१५६	१०२
	प्रतिशत	१.६	१९.७	२१.२	१६.७	१२.७	११.१	७.७	५.७	३.७
७	संख्या	९०	२१७७	१७६७	१८१०	१२६९	७३९	४५१	२३०	१७०
	प्रतिशत	१.०	२५.०	२०.३	२०.८	१४.६	८.५	५.२	२.६	२.०
८	संख्या	१०४	१८९६	१५२५	१६५५	१२५८	६६५	४१२	२०७	१५०
	प्रतिशत	१.३	२४.१	१९.४	२१.०	१६.०	८.४	५.२	२.६	१.९
९	संख्या	२७	४७५	४८८	४३८	२६५	२४३	२०९	११७	६४
	प्रतिशत	१.२	२०.४	२१.०	१८.८	११.४	१०.४	९.०	५.०	२.८
१०	संख्या	४५	५९३	६६७	५४२	४०९	३६८	३३३	२४०	१५०
	प्रतिशत	१.३	१७.७	१९.९	१६.२	१२.२	११.०	९.९	७.२	४.५
११	संख्या	८४	१२६४	११४०	१०४१	७३९	६०९	५३८	३४७	२२१
	प्रतिशत	१.४	२१.१	१९.१	१७.४	१२.४	१०.२	९.०	५.८	३.७

१.४ लिङ्गका आधारमा जनसंख्या विवरण




१.५ वडाका आधारमा लैंगिक विवरण



वडाका आधारमा लैंगिक विवरण हेर्दा वडा १, २, ३, ४, ५, ६, ८, ९, १० र ११ मा पुरुषको बाहुल्यता देखिन्छ भने वडा ७ मा महिलाको बाहुल्यता देखिन्छ ।

वडा नं:		पुरुष	महिला
१	संख्या	१४२४	१३५३
	प्रतिशत	५१.३	४८.७
२	संख्या	२१४६	२०७५
	प्रतिशत	५०.८	४९.२
३	संख्या	१७३९	१६७२
	प्रतिशत	५१.०	४९.०
४	संख्या	६९३	६८२
	प्रतिशत	५०.४	४९.६
५	संख्या	९७४	८५६
	प्रतिशत	५३.२	४६.८
६	संख्या	१४१६	१३३७
	प्रतिशत	५१.४	४८.६
७	संख्या	४३२०	४३८३
	प्रतिशत	४९.६	५०.४
८	संख्या	४००८	३८६४
	प्रतिशत	५०.९	४९.१
९	संख्या	११७६	११५०
	प्रतिशत	५०.६	४९.४
१०	संख्या	१७६२	१५८५
	प्रतिशत	५२.६	४७.४
११	संख्या	३०७३	२९१०
	प्रतिशत	५१.४	४८.६

१.६ जातजातिका आधारमा जनसंख्या विवरण



गणनाको नतिजाअनुसार बेसीशहर नगरपालिकामा क्षत्री जातिको सबैभन्दा धेरै बहुल्यता देखिएको छ । कुल जनसंख्याको २७.४८% जनसंख्या क्षत्री छन् । यस्तैगरी दोस्रो स्थानमा गुरुङ जातिका समुदायको बहुल्यता रहेको पाइएको छ जसमा कुल जनसंख्याको २६.२९% गुरुङ छन् । बाह्मण बेसीशहर नगरपालिकाको कुल जनसंख्याको १०.६४% रहेको पाइएको छ ।

निम्न तालिकामा बेसीशहर नगरपालिकामा रहेको सबै जातजातिले ओगटेको हिस्साका बारेमा विस्तार गरिएको छ ।

जातजाति	संख्या	प्रतिशत
क्षत्री	१२२५६	२७.४८
गुरुङ	११७२३	२६.२९
बाह्मण	४७४७	१०.६४
कामी	३०९४	६.९४
तामाङ	२९५४	६.६२
सार्की	२५६४	५.७५
नेवार	२१३८	४.७९
दमाईं	२००१	४.४९
मगर	१५०५	३.३७
घर्ती/भुजेल	६७२	१.५१
मुसलमान	३५९	०.८०
अन्य	२९८	०.६७
मधेसी	२८७	०.६४
जम्मा	**४४५९८**	**१००**


१.७ वडाका आधारमा जातजातिको विवरण

वडाका आधारमा जातजातिको विवरण हेर्दा वडा १, २, ३, ६, र ९ मा क्षत्री जातिको बाहुल्यता देखिन्छ भने वडा ४, ५, ७, ८ र १० मा गुरुङ जातिको बाहुल्यता देखिन्छ । यस्तैगरी, वडा ११ मा भने बाह्मण जातिको बाहुल्यता देखिन्छ ।

जातजाति		वडा नं:										
		१	२	३	४	५	६	७	८	९	१०	११
क्षत्री	संख्या	७४५	२२१६	८३०	६	१९	१६९३	२२४२	१५०१	१०६६	६५४	१२८४
	प्रतिशत	२६.८	५२.५	२४.३	०.४	१.०	६१.५	२५.८	१९.१	४५.८	१९.५	२१.५
गुरुङ	संख्या	४७९	६३६	१७३	१०९९	९६७	२७७	३७६६	२४७१	५७०	११९६	८९
	प्रतिशत	१७.२	१५.१	५.१	७९.९	५२.८	१०.१	४३.३	३१.४	२४.५	३५.७	१.५
बाह्मण	संख्या	४१४	१८२	५४९	१११	०	२३	४३६	७९७	३८	१०७	२०९०
	प्रतिशत	१४.९	४.३	१६.१	८.१	०.०	०.८	५.०	१०.१	१.६	३.२	३४.९
कामी	संख्या	२१०	३५९	२७४	२९	१९५	२१२	४४३	३६८	३३८	२७९	३८७
	प्रतिशत	७.६	८.५	८.०	२.१	१०.७	७.७	५.१	४.७	१४.५	८.३	६.५
तामाङ	संख्या	२२	२२	४७	८१	३४४	१२४	६२१	६५५	२१	५३२	४८५
	प्रतिशत	०.८	०.५	१.४	५.९	१८.८	४.५	७.१	८.३	०.९	१५.९	८.१
सार्की	संख्या	२९१	६८	६६२	४	१०४	१४७	१८	४४७	११०	१२१	५९२
	प्रतिशत	१०.५	१.६	१९.४	०.३	५.७	५.३	०.२	५.७	४.७	३.६	९.९
नेवार	संख्या	२२९	६७	२०६	८	०	१९	४१७	६८१	१६	४०	४५५
	प्रतिशत	८.२	१.६	६.०	०.६	०.०	०.७	४.८	८.७	०.७	१.२	७.६
दमाईं	संख्या	१५७	२२८	३७७	७	१५०	१४७	२५३	१५२	९४	२०८	२२८
	प्रतिशत	५.७	५.४	११.१	०.५	८.२	५.३	२.९	१.९	४.०	६.२	३.८
मगर	संख्या	१७०	४३९	१६५	०	४६	६६	९९	२८३	११	१००	१२६
	प्रतिशत	६.१	१०.४	४.८	०.०	२.५	२.४	१.१	३.६	०.५	३.०	२.१

जातजाति		वडा नं:										
		१	२	३	४	५	६	७	८	९	१०	११
मुसलमान	संख्या	०	२	०	०	०	०	१५९	१९८	०	०	०
	प्रतिशत	०.०	०.०	०.०	०.०	०.०	०.०	१.८	२.५	०.०	०.०	०.०
घर्ती/भुजेल	संख्या	४१	०	१०२	२८	१	३२	४७	८१	५९	९७	१८४
	प्रतिशत	१.५	०.०	३.०	२.०	०.१	१.२	०.५	१.०	२.५	२.९	३.१
अन्य	संख्या	१६	०	२५	१	१	८	६६	११०	३	१३	५५
	प्रतिशत	०.६	०.०	०.७	०.१	०.१	०.३	०.८	१.४	०.१	०.४	०.९
मधेसी	संख्या	३	२	१	१	३	५	१३६	१२८	०	०	८
	प्रतिशत	०.१	०.०	०.०	०.१	०.२	०.२	१.६	१.६	०.०	०.०	०.१

१.८ धर्मका आधारमा जनसंख्या विवरण



बेसीशहर नगरपालिकामा ७४.९८% जनसंख्या हिन्दु धर्ममा आस्था राख्छन् भने २१.६% जनसंख्या बौद्ध धर्ममा आस्था राख्छन् । यस्तैगरी क्रिस्चियन धर्ममा आस्था राख्ने जनसंख्या २.३३% रहेको छ । मात्र १% जनसंख्या अन्य धर्ममा आस्था राख्छन् ।


धर्म	संख्या	प्रतिशत
हिन्दु	३३४४२	७४.९८
बौद्ध	९६४०	२१.६२
क्रिस्चियन	१०४०	२.३३
मुस्लिम	३७०	०.८३
अन्य	१०६	०.२४
जम्मा	**४४५९८**	**१००**

१.९ वडाका आधारमा धर्मको विवरण

वडाका आधारमा धर्मको विवरण हेर्दा वडा १, २, ३, ४, ६, ७, ८, ९, १० र ११ मा हिन्दु धर्ममा आस्था राख्नेको बाहुल्यता देखिन्छ भने वडा ५ मा भने बौद्ध धर्ममा आस्था राख्नेको बाहुल्यता देखिन्छ ।

			धर्म :				
			हिन्दु	बौद्ध	मुस्लिम	क्रिस्चियन	अन्य
वडा नं:	१	संख्या	२५५७	१७४	०	४६	०
		प्रतिशत	९२.१	६.३	०.०	१.७	०.०
	२	संख्या	३९९२	८२	२	१४५	०
		प्रतिशत	९४.६	१.९	०.०	३.४	०.०
	३	संख्या	३२३६	१११	०	६४	०
		प्रतिशत	९४.९	३.३	०.०	१.९	०.०
	४	संख्या	११३६	२२७	०	१२	०
		प्रतिशत	८२.६	१६.५	०.०	०.९	०.०
	५	संख्या	८१२	१०१२	१	५	०
		प्रतिशत	४४.४	५५.३	०.१	०.३	०.०
	६	संख्या	२५१८	११५	०	१२०	०
		प्रतिशत	९१.५	४.२	०.०	४.४	०.०
	७	संख्या	४९५६	३३३९	१६६	१९८	४४
		प्रतिशत	५६.९	३८.४	१.९	२.३	०.५
	८	संख्या	५२२१	२२६४	२००	१८५	२
		प्रतिशत	६६.३	२८.८	२.५	२.४	०.०
	९	संख्या	१९८१	३३८	०	७	०
		प्रतिशत	८५.२	१४.५	०.०	०.३	०.०
	१०	संख्या	१६४८	१४५१	१	१८७	६०
		प्रतिशत	४९.२	४३.४	०.०	५.६	१.८
	११	संख्या	५३८५	५२७	०	७१	०
		प्रतिशत	९०.०	८.८	०.०	१.२	०.०

१.१० मातृभाषाका आधारमा जनसंख्या विवरण



माथि उल्लेखित बारग्राफ बाट पनि के प्रस्ट हुन्छ भने बेसीशहर नगरपालिकामा नेपाली मातृ भाषी सबैभन्दा धेरै छन् । बेसीशहर नगरपालिकाको कुल जनसंख्याको ८०.३३% जनसंख्याको मातृभाषा नेपाली रहेको देखिन्छ । यस्तैगरी १४.८७% जनसंख्याको मातृभाषा गुरुङ रहेको देखिन्छ भने मात्र ३.४३% जनसंख्याको मातृभाषा तामाङ रहेको देखिन्छ ।


मातृभाषा	संख्या	प्रतिशत
नेपाली	३५८२७	८०.३३
गुरुङ	६६३२	१४.८७
तामाङ	१५२८	३.४३
नेवार	२३०	०.५२
मगर	१८९	०.४२
मधेसी (भोजपुरी, मैथली, अवधी)	१५३	०.३४
अन्य	३९	०.०९
जम्मा	**४४५९८**	**१००%**

१.१०.१ वडाका आधारमा मातृभाषाको विवरण

वडाका आधारमा मातृभाषाको विवरण हेर्दा वडा १, २, ३, ६, ७, ८, ९, १० र ११ मा नेपाली भाषाको बाहुल्यता देखिन्छ भने वडा ४ र ५ मा भने गुरुङ भाषाको बाहुल्यता देखिन्छ ।

			मातृभाषा						
			नेपाली	गुरुङ	तामाङ	मगर	नेवार	मधेसी	अन्य
वडा नं:	१	संख्या	२४४०	२७४	११	१५	३६	१	०
		प्रतिशत	८७.९	९.९	०.४	०.५	१.३	०.०	०.०
	२	संख्या	४०९८	११२	२	७	०	२	०
		प्रतिशत	९७.१	२.७	०.०	०.२	०.०	०.०	०.०
	३	संख्या	३३०१	९४	८	५	२	१	०
		प्रतिशत	९६.८	२.८	०.२	०.१	०.१	०.०	०.०
	४	संख्या	१८६	११००	८०	०	८	०	१
		प्रतिशत	१३.५	८०.०	५.८	०.०	०.६	०.०	०.१
	५	संख्या	५००	९४४	३३८	४४	०	४	०
		प्रतिशत	२७.३	५१.६	१८.५	२.४	०.०	०.२	०.०
	६	संख्या	२२९१	२६१	११८	६४	१५	०	४
		प्रतिशत	८३.२	९.५	४.३	२.३	०.५	०.०	०.१
	७	संख्या	६८८१	१५७४	१५५	८	२९	४२	१४
		प्रतिशत	७९.१	१८.१	१.८	०.१	०.३	०.५	०.२
	८	संख्या	५९९३	१३६७	२६९	३५	८६	१०२	२०
		प्रतिशत	७६.१	१७.४	३.४	०.४	१.१	१.३	०.३
	९	संख्या	१७८४	५२६	१३	०	३	०	०
		प्रतिशत	७६.७	२२.६	०.६	०.०	०.१	०.०	०.०
	१०	संख्या	२८६१	३१०	१७५	०	१	०	०
		प्रतिशत	८५.५	९.३	५.२	०.०	०.०	०.०	०.०
	११	संख्या	५४९२	७०	३५९	११	५०	१	०
		प्रतिशत	९१.८	१.२	६.०	०.२	०.८	०.०	०.०

१.११ शैक्षिक स्तरका आधारमा जनसंख्या विवरण



बेसीशहर नगरपालिकामा ४५.०२% जनसंख्या कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत छन् । कक्षा १० भन्दा माथि शैक्षिकस्तर भएका जनसंख्या २९.५१% छ । यस्तैगरी जम्मा ८.८८% जनसंख्या निरक्षर रहेको पाइएको छ । अनौपचारिक वा प्रौढ शिक्षा हासिल गर्ने जनसंख्या ८.७७% छ ।

शैक्षिकस्तर	संख्या	प्रतिशत
कक्षा १ देखि कक्षा १०	२००७९	४५.०२
IA वा सो सरह	५१३०	११.५०
S.L.C. वा सो सरह	४९०४	११.००
लेखपढ गन नसक्ने (निरक्षर)	३९५९	८.८८
अनौपचारिक/प्रौढ शिक्षा	३९१२	८.७७
BA वा सो सरह	२३९८	५.३८
५ वर्षभन्दा मुनिका बालबालिका	२१४४	४.८१
पूर्व प्राथमिक (नर्सरी, के.जी./ECD)	१३४३	३.०१
MA वा सोभन्दा माथि	७२९	१.६३
जम्मा	**४४५९८**	**१००**

१.११.१ वडाका आधारमा शैक्षिक स्तरको विवरण

सबै वडाहरुमा कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीको बाहुल्यता रहेको पाइन्छ । बेसीशहर नगरपालिकामा कुल निरक्षर जनसंख्यामा सबैभन्दा धेरै निरक्षर जनसंख्या प्रतिशतका आधारमा वडा ११ पाइएको छ । यस वडामा बेसीशहर नगरपालिकाको कुल निरक्षर जनसंख्याको १६.२१% निरक्षर रहेको पाइएको छ भने सबैभन्दा कम निरक्षर जनसंख्या रहेको वडा ४ पाइएको छ जहाँ बेसीशहर नगरपालिकाको कुल निरक्षर जनसंख्याको मात्र २.६७% जनसंख्या निरक्षर रहेको पाइएको छ ।

			शैक्षिकस्तर								
			५ वर्षभन्दा मुनिका बालबालिका	पूर्व-प्राथमिक (नर्सरी, के. जी/ ECD)	कक्षा १ देखि कक्षा १०	S.L.C. वा सो-सरह	IA वा सो-सरह	स्नातक वा सो-सरह	स्नातकोत्तर वा सोभन्दा माथि	अनौपचारिक / प्रौढ शिक्षा	लेखपढ गर्न नसक्ने (निरक्षर)
वडा नं:	१	संख्या	१४६	४८	१२८७	३५१	२८८	८३	४७	२५६	२७१
		प्रतिशत	५.३	१.७	४६.३	१२.६	१०.४	३.०	१.७	९.२	९.८
	२	संख्या	१७०	१५२	१७७८	५३८	५४६	२१६	६९	३५८	३९४
		प्रतिशत	४.०	३.६	४२.१	१२.७	१२.९	५.१	१.६	८.५	९.३
	३	संख्या	१२३	८६	१४६६	४४८	३५८	१४७	५५	३८४	३४४
		प्रतिशत	३.६	२.५	४३.०	१३.१	१०.५	४.३	१.६	११.३	१०.१
	४	संख्या	८२	२१	६५६	१९४	९१	२२	७	१९६	१०६
		प्रतिशत	६.०	१.५	४७.७	१४.१	६.६	१.६	०.५	१४.३	७.७
	५	संख्या	६८	५६	१०५५	१३४	५८	२४	१२	१५४	२६९
		प्रतिशत	३.७	३.१	५७.७	७.३	३.२	१.३	०.७	८.४	१४.७
	६	संख्या	१२८	५९	१२१७	३२०	२५३	८३	३६	३६१	२९६
		प्रतिशत	४.६	२.१	४४.२	११.६	९.२	३.०	१.३	१३.१	१०.८
	७	संख्या	४७९	२८६	३८६५	७२५	१४९३	६९४	१९०	५८३	३८८
		प्रतिशत	५.५	३.३	४४.४	८.३	१७.२	८.०	२.२	६.७	४.५
	८	संख्या	३३९	३०८	३५७७	९४७	८६६	७२३	१६५	४५०	४९७
		प्रतिशत	४.३	३.९	४५.४	१२.०	११.०	९.२	२.१	५.७	६.३
	९	संख्या	९३	१०७	१०७१	२७६	२१३	७७	३८	२४०	२११
		प्रतिशत	४.०	४.६	४६.०	११.९	९.२	३.३	१.६	१०.३	९.१
	१०	संख्या	१६२	६१	१६८०	३४८	२०९	३०	११	३०५	५४१
		प्रतिशत	४.८	१.८	५०.२	१०.४	६.२	०.९	०.३	९.१	१६.२
	११	संख्या	३५४	१५९	२४२७	६२३	७५५	२९९	९९	६२५	६४२
		प्रतिशत	५.९	२.७	४०.६	१०.४	१२.६	५.०	१.७	१०.४	१०.७


१.११.२ शैक्षिक स्तरका आधारमा लैंगिक विवरण

बेसीशहर नगरपालिकामा कुल निरक्षर जनसंख्यामा ७५.३% जनसंख्या महिला रहेको पाइएको छ । यस्तैगरी, कुल अनौपचारिक/प्रौढ शिक्षामा ६९.६% महिला छन् भने ३०.४% पुरुष छन् । उच्च शिक्षाको हकमा BA (स्नातक) वा सोभन्दा माथि महिला र पुरुषको संलग्नता लगभग उस्तै भए पनि MA (स्नातकोत्तर) वा सोभन्दा माथि पुरुषको संलग्नता महिलाको भन्दा धेरै पाइएको छ । यी सबै तथ्यहरु विस्तृत रुपमा निम्न उल्लेखित तालिकामा समावेश गरिएको छ ।

शैक्षिक स्तर		पुरुष	महिला
५ वर्षभन्दा मुनिका बालबालिका	संख्या	११७८	९६६
	प्रतिशत	५४.९	४५.१
पूर्वप्राथमिक (नर्सरी, के. जी./ ECD)	संख्या	७२४	६१९
	प्रतिशत	५३.९	४६.१

शैक्षिक स्तर		पुरुष	महिला
कक्षा १ देखि कक्षा १०	संख्या	११३१४	८७६४
	प्रतिशत	५६.३	४३.६
S.L.C. वा सो-सरह	संख्या	२९६८	१९३५
	प्रतिशत	६०.५	३९.५
IA वा सो-सरह	संख्या	२६६६	२४६४
	प्रतिशत	५२.०	४८.०
BA (स्नातक) वा सो-सरह	संख्या	११९७	१२०१
	प्रतिशत	४९.९	५०.१
MA (स्नातकोत्तर) वा सोभन्दा माथि	संख्या	५१४	२१५
	प्रतिशत	७०.५	२९.५
अनौपचारिक/ प्रौढ शिक्षा	संख्या	११९०	२७२२
	प्रतिशत	३०.४	६९.६
लेखपढ गर्न नसक्ने (निरक्षर)	संख्या	९७९	२९८०
	प्रतिशत	२४.७	७५.३

१.१२ बसोबासको अवस्थाका आधारमा जनसंख्या विवरण



माथि उल्लेखित बारग्राफबाट पनि के प्रस्ट हुन्छ भने बेसीशहर नगरपालिकामा स्थायी रुपले बसोबास गर्ने जनसंख्या उच्च छ । कुल बेसीशहर नगरपालिकाको जनसंख्या मध्ये ७८.१६% जनसंख्या बेसीशहर नगरपालिकामा स्थायी रुपले बसोबास गर्नेगरेको पाइएको छ । यस्तैगरी बेसीशहर नगरपालिकामा घर भएको तर अन्यत्र बसेको जनसंख्या १२.३५% रहेको छ भने ९.५०% जनसंख्या नेपाल भन्दा बाहिर विदेशमा बसेको देखिन्छ ।


बसोबासको अवस्था	संख्या	प्रतिशत
गणना गरेको ठाउँमा बसेको	३४८५७	७८.१६
स्वदेशमा अन्यत्र बसेको	५५०६	१२.३५
विदेशमा बसेको	४२३५	९.५०
जम्मा	**४४५९८**	**१००**

१.१२.१ वडाका आधारमा बसोबासको अवस्थाका बारेमा विवरण

वडाका आधारमा बसोबासको अवस्थाको विवरण हेर्दा स्वदेशमा अन्यत्र बसेको जनसंख्याको हकमा वडा ११ मा अन्य वडाहरुभन्दा धेरै जनसंख्या स्वदेशमा अन्यत्र बसेको देखिन्छ भने वडा ५ मा अन्य वडाहरुभन्दा थोरै जनसंख्या स्वदेशमा अन्यत्र बसेको देखिन्छ । यस्तैगरी विदेशमा बसेको हकमा, कुल विदेशमा बसेको बेसीशहर नगरपालिकाको जनसंख्यामा वडा ७ मा अन्य वडाहरुभन्दा धेरै विदेशमा बस्ने जनसंख्या रहेको देखिन्छ भने वडा ४ मा अन्य वडाहरुभन्दा थोरै विदेशमा बस्ने जनसंख्या रहेको देखिन्छ ।

			बसोबासको अवस्था		
			गणना गरेको ठाउँमा बसेको	स्वदेशमा अन्यत्र बसेको	विदेशमा बसेको
वडा नं:	१	संख्या	१९९९	५२६	२५२
		प्रतिशत	७२.०	१८.९	९.१
	२	संख्या	३२३०	५८५	४०६
		प्रतिशत	७६.५	१३.९	९.६
	३	संख्या	२५९०	५२५	२९६
		प्रतिशत	७५.९	१५.४	८.७
	४	संख्या	८४४	३९७	१३४
		प्रतिशत	६१.४	२८.९	९.७
	५	संख्या	१३८०	२१७	२३३
		प्रतिशत	७५.४	११.९	१२.७
	६	संख्या	२१४९	३५७	२४७
		प्रतिशत	७८.१	१३.०	९.०
	७	संख्या	७०१२	६४५	१०४६
		प्रतिशत	८०.६	७.४	१२.०
	८	संख्या	६६१२	५५१	७०९
		प्रतिशत	८४.०	७.०	९.०
	९	संख्या	१८०२	२७५	२४९
		प्रतिशत	७७.५	११.८	१०.७
	१०	संख्या	२८०२	२४२	३०३
		प्रतिशत	८३.७	७.२	९.१
	११	संख्या	४४३७	११८६	३६०
		प्रतिशत	७४.२	१९.८	६.०

१.१३ पेशाको अवस्थाका आधारमा जनसंख्या विवरण



बेसीशहर नगरपालिकामा १९.०८% जनसंख्या अध्ययनरत विध्यार्थी छन् भने १७.३५% नगरपालिकाको जनसंख्याले आफ्नो मुख्य दैनिकीका रुपमा घरधन्दा गर्ने गरेको पाइएको छ । आय आर्जनका हकमा कृषि तथा पशुपालन मुख्य पेशाका रुपमा देखिएको छ । बेसीशहर नगरपालिकामा १५.१६% जनसंख्याले कृषि तथा पशुपालनलाई आफ्नो मुख्य पेशाका रुपमा अघि सरेका छन् भने १०.४३% जनसंख्या नोकरी वा जागिरलाई आफ्नो मुख्य पेशा बनाएका छन् । यस्तैगरी ८.५७% जनसंख्या वैदेशिक रोजगारीमा छन् । बेसीशहर नगरपालिकामा ७.५१% जनसंख्या बेरोजगार देखिएका छन् ।

पेशा	संख्या	प्रतिशत
विध्यार्थी (अध्ययनरत)	८५०७	१९.०८
घरधन्दा	७७३६	१७.३५
१० वर्ष वा १० भन्दा मुनिका बालबालिका	६७६०	१५.१६
कृषि तथा पशुपालन	५७००	१२.७८
नोकरी/जागिर	४६५१	१०.४३
वैदेशिक रोजगारी	३८२१	८.५७
बेरोजगार	३३४८	७.५१
उद्योग तथा व्यापार	२२३०	५.००
ज्याला/मजदूरी	१३७३	३.०८
व्यावसायिक कार्य (जस्तैः पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि)	३१३	०.७०
अन्य	१५९	०.३५
जम्मा	**४४५९८**	**१००**

१.१४ लिंगका आधारमा पेसाको विवरण

बेसीशहर नगरपालिकामा आय-आर्जनका हकमा पुरुषले सबैभन्दा धेरै संग्लग्नता जनाएको पेसा वैदेशिक रोजगारी देखिन्छ । पुरुषले सबैभन्दा धेरै संग्लग्नता जनाएको दोस्रो पेसाका रुपमा कृषि तथा पशुपालन देखिएको छ । यस्तैगरी महिलाको हकमा आय-आर्जनका लागि सबैभन्दा धेरै संग्लग्नता जनाएको पेसा कृषि तथा पशुपालन देखिन्छ । निम्न उल्लेखित तालिकाबाट के पनि पुष्टि हुन्छ भने महिलाहरु पुरुषभन्दा धेरै कृषि तथा पशुपालन पेसामा संलग्न छन् ।

		पेसा										
		१० वर्ष वा १० भन्दा मुनिकाबाल बालिका	विद्यार्थी (अध्ययनरत)	घर धन्दा	कृषि तथा पशु पालन	नोकरी/ जागिर	वैदेशिक रोजगारी	बेरोजगार	उद्योग तथा व्यापार	ज्याला/ मजदूरी	व्यावसायिक कार्य	अन्य
पुरुष	संख्या	३५८५	४२९७	६८२	२६५७	३२९०	३५०६	१९३४	१२०५	११७५	२६८	१३२
	प्रतिशत	१५.८	१८.९	३.०	११.७	१४.५	१५.४	८.५	५.३	५.२	१.२	०.६
महिला	संख्या	३१७५	४२१०	७०५४	३०४२	१३६१	३१५	१४१४	१०२५	१९८	४५	२८
	प्रतिशत	१४.५	१९.३	३२.३	१३.९	६.२	१.४	६.५	४.७	०.९	०.२	०.१


१.१४.१ वडाका आधारमा पेशाको विवरण

आय आर्जनको हकमा कृषि तथा पशुपालन वडा १, २, ३, ४, ५, ६, ७, ९, १० र ११ मा मुख्य पेसाका रुप मा देखिएको छ भने वडा ८ मा नोकरी वा जागिर मुख्य पेसाका रुपमा देखिएको छ । यस्तैगरी बेरोजगारको हकमा बेसीशहर नगरपालिकाको कुल बेरोजगारमध्ये २३.६% बेरोजगार वडा ८ मा रहेको छ भने २२% बेरोजगार वडा ७ मा छ । अन्य वडाभन्दा थोरै बेरोजगार रहेको वडा ४ मा कुल बेरोजगार संख्या को २.१% जनसंख्या मात्र बेरोजगार छन् र वडा ५ मा पनि कुल बेरोजगार संख्या को ३% जनसंख्या मात्र बेरोजगार छन् ।

		पेसा										
		१० वर्ष वा १० भन्दामुनिका बालबालिका	विद्यार्थी (अध्ययनरत)	घर धन्दा	कृषि तथा पशुपालन	नोकरी /जागिर	वैदेशिक रोजगारी	बेरोज गार	उद्योग तथा व्यापार	ज्याला/ मजदूरी	व्याव सायिक कार्य	अन्य
१	संख्या	३७५	५१९	४१७	५६०	३२१	२०३	१०८	१६४	७७	२३	१०
	प्रतिशत	१३.५	१८.७	१५.०	२०.२	११.६	७.३	३.९	५.९	२.८	०.८	०.४
२	संख्या	५६७	७६९	७८७	७९८	४४९	३६१	२९०	११६	६७	१७	०
	प्रतिशत	१३.४	१८.२	१८.६	१८.९	१०.६	८.६	६.९	२.७	१.६	०.४	०.०
३	संख्या	४३५	६४४	६०८	५३४	४०८	२६७	२४६	८७	१६८	७	७
	प्रतिशत	१२.८	१८.९	१७.८	१५.७	१२.०	७.८	७.२	२.६	४.९	०.२	०.२
४	संख्या	१८८	२३३	३०९	३०३	१४८	९६	७१	२०	७	०	०
	प्रतिशत	१३.७	१६.९	२२.५	२२.०	१०.८	७.०	५.२	१.५	०.५	०.०	०.०
५	संख्या	२३६	२८५	३५२	३६४	९४	२३५	१०१	२७	१२१	१५	०
	प्रतिशत	१२.९	१५.६	१९.२	१९.९	५.१	१२.८	५.५	१.५	६.६	०.८	०.०
६	संख्या	३६९	५४३	४९५	४८१	१९३	२४४	२६६	५३	१००	९	०
	प्रतिशत	१३.४	१९.७	१८.०	१७.५	७.०	८.९	९.७	१.९	३.६	०.३	०.०
७	संख्या	१५४६	१८५०	१६३६	१५१	८६२	८९७	७३७	७४०	१०४	४४	१३६
	प्रतिशत	१७.८	२१.३	१८.८	१.७	९.९	१०.३	८.५	८.५	१.२	०.५	१.६
८	संख्या	१३७६	१६९२	१२०३	७०	१०१०	६३७	७९१	७७६	१९६	१२०	१

		पेसा										
